# ईन्द्रावती राजपत्र

**ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७**

गाउँकार्यपालिका बैठकबाट पारित मितिः २०७७।७।२३

## ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः ईन्द्रावती गाउँ**पालिका क्षेत्र भित्र स्थायी वसोवास गर्ने गाउँपालिकावासीहरु मध्ये विपदको कारण स्थायी आवास तथा व्यावसायमा क्षति पुग्न गई पिडित भएकाहरुको लागि तत्कालिन व्यवस्थापन तथा विपद जन्य कारणवाट हुन सक्ने भौतिक क्षति न्यूनिकरणका लागि राहत उपलव्ध गराउन वाञ्छनिय भएको हुँदा सो को प्रयोजनार्थ यो निर्देशिका वनाई लागू गरिएकोछ ।

**१. संक्षिप्त नाम र परिभाषाः**

१.१ संक्षिप्त नामः यो निर्देशिकाकोको नाम **विपद पिडित ईन्द्रावती गाउँपालिकावासीहरु लाई राहत दिने सम्वन्धी निर्देशिका, २०७७"** रहेको छ ।

१.२ विपद भन्नाले आगलागी, भूकम्प, बाढी, पहिरो, जीवजन्तु आतंङ्क, किटजन्य प्रकोपवाट मानविय तथा भौतिक सम्पत्तीको क्षति भएको भन्ने सम्झनु पर्नेछ ।

**यो ऐन गाउँ सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।**

१.३ राहत भन्नाले ईन्द्रावती गाउँपालिकाले विपद पिडितहरुलाई दिईने आर्थिक सहयोगलाई जनाउँदछ ।

१.४ अनुदानग्राही भन्नाले ईन्द्रावती गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने विपद पिडित गाउँपालिकावासीलाई सम्झनु पर्दछ ।

१.५ निर्देशिका भन्नाले ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई तत्कालिन सहयोग तथा भौतिक पूर्वाधारहरुको थप क्षति हुनवाट न्यूनिकरण गर्नका लागि राहत दिने सम्वन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्दछ ।

१.६ आर्थिक प्रशासन शाखा भन्नाले ईन्द्रावती गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

२. विपद पिडित गाउँपालिकावासीहरुलाई स्वास्थ्य राहत दिने सम्वन्धी व्यवस्थाः

२.१ यस निर्देशिकाको दफा १.४ अनुसारका अनुदानग्राहीहरुलाई एक समयमा भएको विपदका लागि एक पटकमा गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको वैठकको निर्णयानुसार विपदको प्रकृति, अवस्था, र क्षति बमोजिम वर्गिकरण गरि समितिले तोके बमोजिम अनुदान उपलव्ध गराईनेछ ।

क. विपद पिडित अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकाकवाट अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

ख. विपद पिडित अनुदानग्राही वा निजको तर्फवाट नजिकका नातेदारले ईन्द्रावती गाउँपालिकावाट राहत प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

ग. दफा २.१.ख. बमोजिमको कागजातहरु पुरा भएको अवस्थामा गाउँपालिका अध्यक्षवाट राहतका लागि कार्यालयलाई तोक आदेश हुनेछ ।

घ. दफा २.१.ग. बमोजिमको कागजातहरु गाउँपालिका अध्यक्ष समक्ष पेश भए पछि प्राविधिक शाखावाट अनुदानको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

ङ. दफा २.१.३ बमोजिम उपलव्ध गराईएको राहत रकम ईन्द्रावती गाउँ कार्यपालिका बैठकवाट अनुमोदन गराईनेछ ।

## अनुसूची -१
## विपद पिडित राहत माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्ावती गाउँपालिका वडा नं........ बस्ने म निवेदक/मेरो....................................................लाई ................विपदवाट ................................क्षति भई हाल......................................जोखिम रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई राहत दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलव्ध हुने राहत पाउन ईन्द्रावती गाउँपालिकाको नाममा सिफारिस पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**
क) विपद पिडितको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ख) वडा मुचुल्का, सर्जमिन, प्रहरी सर्जमिन र सिफारिस ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) पूर्वाधार क्षतिको हकमा प्राविधिको लागत ईष्टिमेत तथा कार्य सम्पन्न प्रतिवेदन ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**

# अनुसूची -१
## विपद पिडित राहत माग गर्न वडा कार्यालयमा पेश गर्ने निवेदन

**मितिः.....................**

**श्रीमान अध्यक्षज्यू**
**......वडा कार्यालय**
**ईन्द्रावती गाउँपालिका ।**

**विषयः सिफारिस पाउँ ।**

उपरोक्त सम्वन्धमा सिन्धुपाल्चोक जिल्ला, ईन्द्‌ावती गाउँपालिका वडा नं....... बस्ने म निवेदक/मेरो....................................................लाई ................विपदवाट ................................क्षति भई हाल......................................जोखिम रहेको हुँदा ईन्द्रावती गाउँपालिकाको विपद पिडित गाउँपालिकावासीलाई राहत दिने सम्वन्धी निर्देशिका २०७७ को दफा १.२ बमोजिम उपलब्ध हुने राहत पाउन आवश्यक कागजात सहित निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलगन कागजातहरु**

क) विपद पिडितको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
ख) वडा मुचुल्का, सर्जमिन, प्रहरी सर्जमिन र सिफारिस ।
ग) वडा कार्यालयको सिफारिस ।
घ) पूर्वाधार क्षतिको हकमा प्राविधिको लागत ईष्टिमेत तथा कार्य सम्पन्न प्रतिवेदन ।

**निवेदक**
**नामथरः**
**ठेगानाः**
**हस्ताक्षरः**
**सम्पर्क नंः**